नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# मेडिकल रेकर्ड अधिकृत/वरिष्ठ मेडिकल रेकर्ड अधिकृत

(नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम९ बमोजिम)

| **कार्य विवरण** | |
|---|---|
| १.पदः मेडिकल रेकर्ड अधिकृत/वरिष्ठ मेडिकल रेकर्ड अधिकृत<br>२.सेवाः स्वास्थ्य<br>३.समूहःमेडिकल रेकर्डस<br>४.तहः अधिकृत सातौं/आठौं<br>५.तलब (मासिक): नेपाल सरकारले तोके वमोजिम<br>६. काम गर्ने समयः नेपाल सरकारले तोके वमोजिम<br>७.कर्मचारीको नामः<br>८. कर्मचारीको संकेत नम्वर :<br>९. सुपरिवेक्षण गर्नुपर्नेः आफूले सम्पादन गर्नुपर्ने मेडिकल रेकर्डस सम्वन्धी कार्य र सोमा संलग्न आफ्नो मातहतका कर्मचारीहरु | १०.कार्यालयको ठेगानाः.......................प्रदेश, .......................जिल्ला,............... स्थान, .............................. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/विभाग/ अस्पताल ................<br>...........शाखा.......... फाँट<br>११.आवश्यक योग्यताः सम्बन्धित ऐन तथा नियमावलीमा उल्लेख भए वमोजिम।<br>१२.उत्तरदायित्वः मेडिकल रेकर्ड बिभागीय प्रमुख,सम्बन्धित अस्पताल प्रमुख |

## सम्पादन गर्नुपर्ने काम, कर्तव्य, तथा उत्तरदायित्व

नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीको अधीनमा रही मेडिकल रेकर्डसको व्यावसाहिक आचारसंहिता (कोड अफ ईथिक्स) पालना गर्दै निम्न अनुसारका कार्यहरु गर्ने।

## मुख्य जिम्मेवारी

स्वास्थ्य प्रदायक संस्थाहरुको मेडिकल रेकर्ड बिभाग र मेडिकल रेकर्डिङ्ग तथा रिर्पोटिङ्ग कार्यको व्यवस्थापन सम्बन्धमा आबश्यक नीति निर्माण गर्दै समग्र स्वास्थ्य तथ्यांकको नेतृत्वदायी भूमिका खेल्ने ।अस्पतालहरुमा उपचारको लागि आएका सबै बिरामीहरुको उपचारको स्वास्थ्य तथ्यांक तथा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

मेडिकल रेकर्डिङ्ग तथा रिर्पोटिङ्ग कार्यका लागि आबश्यक योजना तर्जुमा गर्दै समग्र स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी, बनाउन स्वास्थ्यप्र दायक संस्था/निकायका व्यवस्थापक तथा प्रशासकहरुलाई सघाउ पुरयाउने, अस्पतालमा हुने मेडिको लिगलकार्यको तथ्याङ्क व्यवस्थापन गरी न्यायलय तथा प्रहरी प्रशासनलाई सघाउ पुरयाउदै अस्पतालका सम्पूर्ण विभागहरुको बीचमा हुने मेडिकल रेकर्डिङ्ग कार्यको समन्वय गर्ने ।

**१. अस्पतालको मेडिकल रेकर्ड बिभाग, मेडिकल रेकर्डिङ्ग तथा रिपोटीङ्ग कार्यको व्यवस्थापन**

- अस्पतालको मेडिकल रेकर्ड विभागको सञ्चालनको व्यवस्था मिलाउने ।
- मेडिकल रेकर्डिङ्ग रिपोटीङ्ग कार्यमा संलग्न मेडिकल रेकर्डरहरुको कार्यमा समन्वय गरी क्षमता अभिबृद्धि गर्ने ।
- मेडिकल रेकर्डहरुको भण्डारण, निस्काशन तथा कानून बमोजिम बिस्थापन (धुल्याउने)को व्यवस्थाको लागी नेतृत्वदाहि भुमिका निर्वाह गर्ने।
- बिरामीको उपचार तथा रोगसँग सम्बन्धितनयाँ सुचना तुरुन्तै जानकारी प्राप्त गर्ने ब्यबस्था मिलाई सम्बन्धित निकायमा प्रवाह गर्ने ।
- मेडिकल रेकर्ड सँग सम्बन्धित कार्यक्रमहरुको उचित योजना निर्माण एवं ब्यबस्थापन र आवश्यक परिमार्जनको ब्यबस्था मिलाउने।

**२. अनुगमन तथा मूल्यांकन**

- अस्पतालको उपचार सेवामा संलग्न सबै बिभाग, वार्ड, शाखा तथा केन्द्रहरुमा भई रहेको मेडिकल रेकर्डिङ्ग कार्यको अनुगमन गर्ने।
- अस्पतालका भई रहेको मेडिकल रेकर्डिङ्ग कार्यमा प्रयोग भएका टुल्स हरुको उपयुक्तता परिक्षण गर्दै बैज्ञानीक बनाउन आबश्यक परिमार्जन तथा अद्याबधीक गर्ने।
- सम्पूर्ण बिभाग,वार्ड तथा केन्द्रहरुका सम्पूर्ण बिरामीहरुको सम्पूर्ण मेडिकल रेकर्ड प्राप्तगर्ने प्रणालीको बिकाश गर्ने ।
- विद्युतिय मेडिकल रेकर्डिङ्गअर्थात Electronic Medical Recording(EMR) लाई क्रमश लागु गर्दै लैजाने ।
- नेपाल सरकारको नीति बमोजीम Electronic Health Record (EHR) को अबधारणाको बिकास गर्दै लैजाने

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

३. विश्लेषण र व्याख्या

- सबै मेडिकल रेकर्डहरुको अध्ययन गर्ने ।
- सबै बिरामीहरुका उपचारका प्रकृया तथा परिणामहरु औचित्यपूर्ण, गुणस्तरीय, प्रभावकारी भएको सुनिश्चित गर्ने/गराउने ।
- बिरामीको उपचार प्रकृया र उपचार परिणामबारे निस्कने नयाँ नयाँ जानकारी सम्बन्धित बिशेषज्ञ, चिकित्सक , नर्स लगायत सम्बन्धित सबैलाई प्रवाहगरी पृष्ठपोषण(Feedback mechanism)लाई व्यवस्थित गर्ने ।
- उपचार प्रकृयामा देखिएका तथा देखाइएका नयाँ आवश्यक सुझाव र सल्लाह ग्रहण गरी अस्पताल प्रमुख मार्फत सम्बन्धित पदाधिकारीलाई उपलब्ध गराउने ।
- महामारी नियन्त्रण गर्न तथा अनसुन्धानात्मक कार्यलाई टेवा पुग्ने गरी बैज्ञानीक सूचना प्रणालीको बिकासतथा सम्बन्धीत निकाय सँग आबश्यक समन्वय गर्ने/ गराउने ।

४.गुणस्तरीयता परीक्षण

- मेडिकल रेकर्डिङ्ग कार्यमा देखिएका समस्याहरु समाधान गरी सम्पुर्ण विरामीहरुको स्वास्थ्य तथ्याङ्क सम्बन्धी गुणस्तर कायमगर्न उपचारमा संलग्न सम्पुर्ण स्वास्थ्यकर्मी संग छलफल तथा गोष्ठी सेमिनार सञ्चालन गरी सो कार्यमा आबश्यक समन्बय गर्ने।
- अस्पतालमा आएका बिरामीहरुको संख्या र उपचार भएका बिरामीहरुको मेडिकल रेकर्डको संख्याका बीचको फरकलाई सून्यमा झार्ने कामलाई सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरु डाटा भेरिफिकेशन, भेलिडेशन,Data Quality Self-Assessment (DQSA)आदि सञ्चालन गर्ने ।
- अस्पताल सेवाको गुणस्तर परिक्षण कार्यलाई सल्लाह र सुझावदिने ।
- अस्पतालको उपचार सेवाको बारेमा आएका राय, सुझाव, आलोचना तथा समालोचनाहरु संग्रह गरी तिनीहरुलाई बिरामीहरुको उपचार सेवाको प्रवाह, प्रकृया र परिणामसँग तुलना गरी हुनु पर्ने काम र अस्पतालले लिनु पर्ने धारणा निक्र्यौल गरी अस्पताल प्रमुखलाई राय सुझावदिने ।
- गुणस्तरीय मेडिकल रेकर्ड भए नभएको अध्ययन गरि सम्बन्धीत बिभाग वा बिभागमा कार्यरत स्वास्थ्य कर्मीलाई सो सम्बन्धमा आवश्यक सुझाव दिने ।

५. अस्पतालको भावी योजना तर्जुमा

- स्वास्थ्य संस्थाबाट उत्पादीत स्वास्थ्य तथ्यांकको समीक्षा गरि आबश्यक योजना तर्जुमा गर्ने ।
- अस्पतालको योजना अधिकृतको रुपमा कार्य गर्ने ।
- मेडिकल रेकर्डिङ्ग ब्यबस्था सुधार र त्यसको प्रयोजनका लागी आवश्यक योजना बनाउने।

## ६. सूचना प्रवाह

- अस्पतालको आफ्नो website सञ्चालन गर्ने ।
- आवधिक अस्पताल बुलेटिन प्रकाशन गर्ने गराउने ।
- स्वास्थ्य तथ्यांकको बैज्ञानीक रिपोटीङ्ग गर्ने व्यबस्था मिलाउने ।
- अस्पतालमा अभिलेख भएका, उपचार सेवाको विश्लेषण गरी निस्किएका र अस्पतालको उपचार सेवाको समग्र समीक्षा गरी निश्रयौल भएका अस्पताल सूचनाहरुको ब्याख्या र प्रकाशन गर्ने ।
- उपचार सेवा बाहेक अस्पतालका अन्य सेवा, फाँट र केन्द्रका सूचनाहरु प्राप्त गर्ने , प्रणालीको बिकाश गर्ने गराउने ।

## ७. मेडिकोलिगल सेवाको तथ्याङ्कको उचित व्यवस्थापन

- अस्पतालमा हुने पोष्टमार्टम, घाउ जाँच सेवा, जवरजस्ती करणी, उमेर जाँच, शारीरिक परिक्षण, मादक पदार्थ सेवनलगायत सबै मेडिकोलिगल तथ्यांकको बैज्ञानीक भण्डारण गर्न लगाउने ।
- अस्पतालमा भएका मेडिकोलिगल सेवाको प्रतिवेदन सम्बन्धित निकायमा प्रेषण गर्ने प्रणालीको बिकाश गराउने ।

## ८. अन्य

- स्वास्थ्य संस्थाका प्रमुख तथा प्रशासकलाइ उपचार सेवाको गुणस्तर, प्रभावकारिता, अभिबृद्दि गर्नको लागी आबश्यक सुझाव पेश गर्ने
- नागरिक समाज,न्यायालय,प्रहरी प्रशासन तथा स्वास्थ्य संस्थाएवं निकायका बिच आबश्यक समन्वय गर्ने ।
- स्वास्थ्य स्वास्थ्य संस्था मन्त्रालय, बिभाग वा अन्य सरोकारवाला निकायसंग समन्वय राखी कार्य गर्ने ।